यो आकाशवाणी हो

समाचार

प्रमुख समाचारहरु

- आज असम, केरलम र केन्द्रशासित प्रदेश पुडुचेरीमा विधानसभा मतदान सम्पन्न

- महिला आरक्षण लोकतान्त्रिक निकायहरूमा लागू गर्नु अहिलेको आवश्यकता_प्रधानमन्त्री नरेन्द्र मोदी को भनाइ

- भाजपाका वरिष्ठ नेता तथा प्रधान मन्त्रि द्वारा पश्चिम बंगालको आसंसोल मा जान चुनावी सभालाई सम्बोधन

- विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले निजी क्षेत्रलाई अनुसन्धान तथा विकासमा थप सक्रियता देखाउन आह्वान *आज*

*असम, केरलम र केन्द्रशासित प्रदेश पुडुचेरीमा विधानसभा मतदान सम्पन्न*

आज असम, केरलम र केन्द्रशासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावका लागि मतदान सम्पन्न भएको छ। असममा १२६ सिट, केरलममा १४० सिट र पुडुचेरीमा ३० सिटका लागि मतदान भएको थियो।

असममा दिउँसो ५ बजेसम्म ८४ प्रतिशत मतदान भएकोरेचोर्द गरिएको छ, यसैगरी केरलममा ७५ प्रतिशत मतदान भएको छ, । पुडुचेरीमा भने ५ बजेसम्म ८७ प्रतिशत मतदान भएको छ चुनाव आयोगले जानकारी दिएको छ।

यसैगरि आज नै कर्नाटक, नागाल्यान्ड र त्रिपुरा राज्यका केहि विधानसभा सिटका निम्ति उप चुनाव पनि सम्पन्न भयो

यता पश्चिम बंगालमा भने आज  पहिलो चरणको मतदानका लागि उम्मेदवारी फिर्ता गर्ने अन्तिम दिन थियो अनि  दोस्रो चरणका लागि उम्मेदवारी दर्ता गर्ने अन्तिम दिन आजै रहेको थियो । असम, केरलम, तमिलनाडु, पश्चिम बंगाल र पुडुचेरीमा भएको मतदानको मतगणना अर्को महिनाको ४ तारिखमा हुनेछ।

<u>प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो : महिला आरक्षण लोकतान्त्रिक निकायहरूमा लागू गर्नु अहिलेको आवश्यकता</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले महिला आरक्षणलाई लोकतान्त्रिक निकायहरूमा लागू गर्नु अहिलेको आवश्यकता भएको बताउनुभएको छ । उहाँले  आफ्नो विचारहरू एक ओप-एडमा व्यक्त गर्दै भनेका छन् कि यस आरक्षणलाई ढिला गर्नु दुर्भाग्यपूर्ण हुनेछ। उहाँले भन्नुभयो  यस महिनाको १६ तारिकमा महिला आरक्षणलाई अघि बढाउने महत्वपूर्ण विधेयक छलफल र पारित गर्न संसदको बैठक  बोलाइएको छ।

श्री  मोदीले भन्नुभयो , २०२९ को लोकसभा चुनाव र विभिन्न राज्यहरूको विधानसभा चुनाव महिला आरक्षण सहित सम्पन्न हुनु अपरिहार्य छ। दशकौँदेखि महिलालाई लोकतान्त्रिक संस्थाहरूमा उनीहरूको अधिकारपूर्ण स्थान दिलाउन प्रयासहरू भइरहेका छन्। उहाँले अझ भन्नुभयो , यसका निमित्त धेरै समितिहरू बनाइयो, विधेयकका मस्यौदाहरू प्रस्तुत गरियो तर तिनीहरू कहिल्यै पारित भएनन्।  २०२३ सेप्टेम्बरमा संसदले सहमतिको भावनासहित *नारी शक्ति वन्दन अधिनियम* पारित गर्‍यो।

<u>उत्तर सिक्किमको लाचेनमा भारतीय सेनाको उद्धार त्रिशक्ति कोरले</u>

उत्तर सिक्किमको लाचेन र चुङथाङबीच पहिरोका कारण फसेका सबै पर्यटकहरूको उद्धार कार्य आज भारतीय सेनाको त्रिशक्ति कोरको 'हिम सेतु' अभियानअन्तर्गत सफलतापूर्वक सम्पन्न भयो। सबै पक्षको समन्वित प्रयासमा सम्पन्न उद्धार कार्यको क्षेत्र विधायक एवं मन्त्री सामडुप लेप्चाले प्रत्यक्ष अनुगमन गर्नुभयो।

मंगनका जिल्लाधीश र पुलिस अधीक्षकको निगरानी अनि सेना, सीमा सडक सङ्गठन, लाचेन जुम्सा र पर्यटनसित सम्बन्धित निकायहरूको सक्रिय समन्वयमा सञ्चालित उद्धार कार्यपछि पर्यटकहरूलाई ताराम छूदेखि चुङथाङ हुँदै गान्तोकसम्म पुऱ्याउन विशेष बस र सवारीसाधनको व्यवस्था गरिएको थियो।

उद्धार कार्यपछि मन्त्री श्री लेप्चाले सेना तथा सीमा सडक सङ्गठनका अधिकारीहरूसित भेटगरी उनीहरूको निरन्तर प्रयासप्रति धन्यवाद व्यक्त गर्नुभयो। उहाँले पर्यटकहरूसित समेत भेट गर्दै सुखद यात्राको शुभकामना दिनुभयो। मन्त्रीले प्रतिकूल मौसम र लजिस्टिक चुनौती हुँदाहुँदै पनि सामुहिक प्रयास र सामुदायिक भावनाको माध्यमबाट यो अभियान सफलतापूर्वक पूरा भएको उल्लेख गर्दै जिल्ला प्रशासन र संलग्न सबै निकायप्रति आभार व्यक्त गर्नुभयो।

ऊर्जा मन्त्री मनोहर लालले भुटानको चार-दिने भ्रमण

ऊर्जा मन्त्री मनोहर लालले भुटानको चार-दिने भ्रमणका क्रममा भुटान का प्रधानमन्त्री छिरिंग तोब्गे संग भेटवार्ता गर्नुभएको छ  दुबै नेताहरूले स्वच्छ ऊर्जा र दिगो विकासमा सहकार्यलाई अगाडि बढाउने साझा प्रतिबद्धता दोहोर्याउनुभएको छ

मन्त्रीले भुटानका ऊर्जा तथा प्राकृतिक स्रोत मन्त्री ल्योन्पो जेम छिरिंग भेट गरि जलविद्युत क्षेत्रको सहकार्यलाई अझ मजबुत बनाउने र नवीकरणीय ऊर्जा तथा क्षेत्रीय विद्युत व्यापारमा भविष्यका सम्भावनाहरूबारे विचार-विमर्श गर्नुभयो

भारत र भुटानले ऊर्जा क्षेत्रमा सहकार्यलाई  विस्तार गर्दै द्विपक्षीय संस्थागत संयन्त्रलाई सुदृढ बनाएका छन्।

सहकार्यका मुख्य क्षेत्रहरूमा गैर-जलविद्युत ऊर्जा, सीमा-पार प्रसारण, परियोजना वित्तीय व्यवस्था, क्षमता विकास, र संस्थागत साझेदारी समावेश छन्। यस भ्रमणले भारत-भुटान द्विपक्षीय सम्बन्धलाई अझ गहिरो बनाउने अर्को महत्वपूर्ण कदमको रूपमा चिन्हित गरिएको छ ।

अन्तर-मन्त्रालय ब्रीफिङ

आज नयाँ दिल्लीमा आयोजित अन्तर-मन्त्रालय ब्रीफिङमा विभिन्न मन्त्रालयका अधिकारीहरूले पश्चिम एशियाको संकटले भारतमा आपूर्ति श्रृंखलामा पारेको प्रभावबारे जानकारी दिए। औषधि विभागका संयुक्त सचिव सत्यप्रकाश टी. एल. ले औषधि उत्पादनका लागि आवश्यक इनपुटहरूको विश्वव्यापी आपूर्ति श्रृंखला संकटका कारण प्रभावित भए पनि देशभित्र औषधि तथा फार्मास्युटिकल्सको मूल्यमा ठूलो वृद्धि नभएको बताए।

यसै क्रममा, बन्दरगाह, शिपिङ तथा जलमार्ग मन्त्रालयका अतिरिक्त सचिव मुकेश मंगलले भारतीय झण्डा बोकेको *ग्रीन आशा* नामक LPG जहाज आज  सुरक्षित रूपमा आइपुगेको जानकारी दिए।

यसैगरी, पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले भनेकी छन्, सरकारले घरेलु LPG को १०० प्रतिशत आपूर्ति सुनिश्चित गरेको छ । देशमा कच्चा तेलको भण्डार पर्याप्त छ र रिफाइनरीहरू अधिकतम क्षमतामा सञ्चालन भइरहेका छन्।

नरेन्द्र मोदीले किसान र माछा मार्ने समुदायको हितलाई प्राथमिकता दिने

भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले किसान र माछा मार्ने समुदायको हितलाई प्राथमिकता दिने आश्वासन दिनुभेको छ पश्चिम बंगालको हल्दियामा आयोजित आमसभामा वरिष्ठ । उहाँले भन्नुभयो यदि विधानसभा चुनावपछि भाजपा राज्य सरकार बन्यो भने धान किसान, आलु किसान र पान किसानहरूलाई प्रत्यक्ष लाभ हुनेछ। मोदीले तृणमूल कांग्रेसलाई माछा मार्ने समुदायको हित बेवास्ता गरेको आरोप लगाउनुभयो र भाजपा सधैं गरीब जनताको हितमा सोच्ने दल भएको दाबी गर्नुभयो ।

डा. जितेन्द्र सिंहले निजी क्षेत्रलाई अनुसन्धान तथा विकासमा थप सक्रियता देखाउन आह्वान

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले निजी क्षेत्रलाई अनुसन्धान तथा विकासमा थप सक्रियता देखाउन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभयो भारतको नवप्रवर्तन प्रणालीलाई बलियो बनाउन उद्योगको सहभागिता आवश्यक छ। नयाँ दिल्लीमा नीति आयोगद्वारा अनुसन्धान प्रक्रियालाई सहज बनाउन जारी दुई प्रतिवेदन सार्वजनिक गर्ने कार्यक्रममा बोल्दै मन्त्रीले सरकारका पहलहरूको उल्लेख गर्नुभयो । उहाँले अन्तरिक्ष र आणविक ऊर्जा जस्ता क्षेत्रहरू निजी क्षेत्रका लागि र अनुसन्धान, विकास तथा नवप्रवर्तन कोष जस्ता संयन्त्रहरू सुरु गरिएको बताउनुभयो ।

श्री सिंह ले बताए अनुसार भारतसँग बलियो वैज्ञानिक प्रतिभा भए पनि प्रक्रियागत ढिलाइ र संस्थागत चुनौतीहरूले अनुसन्धानको परिणामलाई अझै अवरुद्ध गरिरहेको छ। यसैले, निजी क्षेत्रको सक्रिय सहभागिता र सरकारको सुधारात्मक कदमहरू मिलेर मात्र भारतको अनुसन्धान तथा नवप्रवर्तन प्रणालीलाई विश्वस्तरमा प्रतिस्पर्धी बनाउन सकिन्छ। *अब केहि खेल प्रसंग*

<u>एशियन बक्सिङ च्याम्पियनसिप २०२६</u>

भारतीय महिलाहरूले एशियन बक्सिङ च्याम्पियनसिप २०२६ मा ऐतिहासिक प्रदर्शन गरेका छन्। मंगोलियाको उलानबातारमा सम्पन्न प्रतियोगितामा भारतले कुल १० पदक जित्दै पदक तालिकाको शीर्ष स्थान हासिल गऱ्यो। यसमा चार स्वर्ण, दुई रजत र चार कांस्य पदक समावेश छन्।

प्रमुख समाचारहरु पुनः एक पटक

- आज असम, केरलम र केन्द्रशासित प्रदेश पुडुचेरीमा विधानसभा मतदान सम्पन्न
- महिला आरक्षण लोकतान्त्रिक निकायहरूमा लागू गर्नु अहिलेको आवश्यकता_प्रधानमन्त्री नरेन्द्र मोदी को भनाइ
- भाजपाका वरिष्ठ नेता तथा प्रधान मन्त्रि द्वारा पश्चिम बंगालको आसंसोल मा जान चुनावी सभालाई सम्बोधन
- विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले निजी क्षेत्रलाई अनुसन्धान तथा विकासमा थप सक्रियता देखाउन आह्वान